# नगर उप-प्रमुख श्री सिता जैसीज्यूले प्रस्तुत गर्नु भएको

## आर्थिक बर्ष २०८१।०८२ को नीति, कार्यक्रम तथा बजेट

सभाध्यक्षज्यू,

गरिमामय यस सभाका सदस्यज्यूहरु,

१. गत बर्षको कार्तिक १७ गते रामिडाँडा केन्द्रविन्दु भई गएको भुकम्पबाट सबैभन्दा बढी धनजनको क्षति हाम्रो नगरपालिकाले ब्यहोर्नु पर्यो । त्यसमा पनि वडा नं १ र ३ का नागरिकहरु बढि प्रभावित रहे । ४६ जना नागरिकले अनाहकमा ज्यान गुमाउनु पर्यो भने करिब ८० प्रतिशत नागरिकहरुका आवासिय घरहरु बसोबासयोग्य रहेनन् । करोडौं रुपैयाँ बराबरको भौतिक सम्पत्तीको क्षति भयो । भुकम्प लगत्तै संघीय प्रदेश सरकार तथा गैरसरकारी निकायहरुको सहयोगमा राहत उद्धारका कार्य लगायत अस्थायी आवास निर्माणका लागि सहयोग प्राप्त भए पनि स्थायी आवास ब्यवस्थापनका लागि उल्लेखनिय काम हुन सकिरहेको छैन । नगरपालिकाको आफ्नो आय श्रोत ज्यादै न्यून भएकोले भुकम्प प्रभावित घर परिवारका लागि सहयोग गर्न अन्य दाता एवं संघ तथा प्रदेश सरकारको भर पर्नु पर्ने अवस्था छ । भुकम्प गएको करिव ८ महिना वितिसक्दा पनि नागरिकहरुको दैनिक जनजीवन सहज र नियमित हुन सकेको छैन । बिश्वव्यापि आर्थिक मन्दीका कारण प्रभावित जनजीवन भुकम्पले अझ थप कष्टपूर्ण बनाएको छ । करिव साढे छ हजार घरपरिवार टिनको टहरोमा दिन गुजार्न बाध्य छन् । अस्थायी टहरामा बिद्यालय संचालन भएका छन् । अधिकांश नागरिकका घर ध्वस्त छन् खेतीयोग्य जमिन चर्किएर पहिरोको जोखिम बढेको छ । अधिकांश खानेपानीका मुलहरु सुकेर खानेपानीको समस्या भएको छ । निकट आईरहेको बर्षायामले जनजीवन अझ बढी कष्टकर हुने संभावना देखिदै छ । आकस्मिक रुपमा आईपरेको बिपद्ले नागरिकहरुको दैनिकी क्षतबिच्छेद पारेको बिषम् अवस्थामा म यस भेरी नगरपालिकाको उप प्रमुखको हैसियतले आगामी आर्थिक बर्ष २०८१।८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यस गरिमामय सभाको बैठकमा उपस्थित भएको छु ।

२. सर्वप्रथम त मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनताको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली स्थापनाका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात महान सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै मुलुकको राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरणको अभियानमा होमिएका घाईते, अपाङ्ग योद्धा तथा सहिद परिवारमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै भुकम्पमा परी ज्यान गुमाउने नगरवासी लगायत सबै नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। विपदमा परेको दुखलाई आफ्नो दुख सम्झेर आफ्नो क्षमता अनुसार दिलो ज्यानले राहत उद्दार तथा पुनर्स्थापनाका लागि सहयोग गर्ने सबै ब्यक्ति, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ- संस्था, संघ तथा प्रदेश सरकार एवं अन्तर स्थानीय सरकार सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सभाध्यक्षज्यू,

३. भुकम्पबाट उत्पन्न संकट व्यवस्थापन र प्रभावित घरपरिवारहरुको पुनर्स्थापना नै आजको प्रमुख समस्या हो । यस सन्दर्भमा भुकम्प प्रभावित परिवारहरूको दैनिक जीवनमा व्यहोर्नु परेका समस्याहरूको समाधान गरी प्रभावित परिवारहरुको पुनर्स्थापनाका साथै आम नागरिकहरुको अति आवश्यक समस्या हल गर्नै पर्ने बाध्यता हाम्रो सामु रहेको

छ । हामीलाई उपलव्ध न्यून श्रोतबाट सबै समस्याको समाधान संभव नभएकोले प्राथमिकताका आधारमा अधुरा अपुरा भौतिक पूर्वाधार निर्माणसंगै स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरूमा आगामि आर्थिक बर्ष २०८१।८२ को बजेट केन्द्रित गर्नुपर्ने अवस्था रहेको छ।

४. प्रस्तुत बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान- २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपालको चालु पन्ध्रौ आवधिक योजना, राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा यस नगरपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजना र यस नगरपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिहरू, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकार तथा नगरपालिकाको नीति कार्यक्रम तथा लक्ष्य, बस्ति तथा वडा समितिबाट निर्धारित प्राथमिकता, जिल्लामा कार्यरत विकास साझेदार तथा सरोकारवाला सरकारी- गैर सरकारी निकाय एवं नगरवासी नागरिकहरूको सल्लाह सुझावको आधारमा यो बजेट तर्जुमा गरेको छु।

**सभाध्यक्षज्यू,**

अव म चालु आर्थिक बर्ष २०८०।०८१ को जेष्ठ मसान्तसम्मको अवस्थाको बारेमा संक्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५. नगरपालिकाको लागि विगत आ. व. देखि शुरु गरिएका वालवालिकासँग मेयर, महिलासँग उपमेयर, विपन्न नागरिकका लागि विशेष सहयोग कोष स्थापना, पूर्ण जातिय छुवाछुत मुक्त नगर घोषणा र पूर्ण सरसफाई आदि जस्ता कार्यक्रमहरू कार्यान्वयन भई रहेको अवस्था छ । नगरपालिकाको आन्तरिक श्रोतबाट रू १ करोड ५० लाख आम्दानी प्रक्षेपण गरिएकोमा रू १ करोड ४३ लाख राजश्व असुली भएको छ र संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड बापत प्राप्त हुनु पर्ने रू. ९ करोड ६३ लाख ७७ हजार मध्ये रू. ७ करोड ६३ लाख ८७ हजार र प्रदेश सरकारबाट रु १४ लाख ११ हजार मध्ये १२ लाख ७७ हजार ५ सय मात्र प्राप्त भएकोले संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा आधारित राजश्व बाँडफाँडतर्फका बजेट तथा कार्यक्रमहरू कार्यान्वयनमा समस्या देखिएको छ ।

६. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानतर्फ संघीय सरकार वित्तिय समानीकरण अनुदानतर्फ रु ११ करोड १८ लाख र प्रदेश सरकार वित्तिय समानिकरण अनुदानतर्फ रु १ करोड २८ लाख ४६ हजार रुपैयाँको अख्तियारी प्राप्त भएकोमा संघीय सरकार वित्तिय समानिकरण अनुदानतर्फ रु ८ करोड २८ लाख ५४ हजार र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानमध्ये १ करोड २८ लाख ४६ हजार निकासा प्राप्त भईसकेको छ । निकासा प्राप्त रकममध्ये संघीय सरकारको सशर्त अनुदानतर्फ ६ करोड २६ लाख ४७ हजार खर्च भएको छ । सशर्त अनुदान चालुतर्फ २८ करोड ७९ लाख ६७ हजार बिनियोजन भएकोमा १९ करोड ७८ लाख ८१ हजार रुपैयाँ खर्च भई सकेको छ । संघीय सरकारको सशर्त पूँजीगत अनुदानतर्फ रु ७ करोड ६२ लाख ३७ हजार बिनियोजन भएकोमा ५ करोड ४६ लाख ४४ हजार खर्च भईसकेको छ । संघीय सरकार बिशेष अनुदान चालुतर्फ १ करोड १५ लाख रुपैयाँ बिनियोजन भएकोमा रु ४६ लाख ९८ हजार ९ सय रुपैयाँ खर्च भएको छ । संघीय सरकार समपुरक अनुदानतर्फ १ करोड ४० लाख रुपैया मध्ये १ करोड ८ लाख ९१ हजार खर्च भएको छ । प्रदेस सरकारको सशर्त अनुदान चालुतर्फ २ करोड २ लाख ७६ हजार बिनियोजन भएकोमा रु १ करोड ७ लाख ८७ हजार खर्च भएको छ । प्रदेश सरकारको सशर्त अनुदान पूँजीगततर्फ १ करोड ९५ लाख बिनियोजन भएकोमा ९५ लाख ६८ हजार खर्च भएको छ । प्रदेश सरकारको बिशेष अनुदान चालुतर्फ ५५ लाख रुपैयाँ बिनियोजन भएकोमा १५ लाख २४ हजार खर्च भएको छ ।

त्यसै गरी प्रदेश सरकारको समपुरक अनुदान पुँजीगततर्फ रु १ करोड बिनियोजन भएकोमा ६२ लाख ११ हजार खर्च भएको छ । संघीय सरकारको राजश्व बाँडफाँडतर्फ ११ करोड ४३ लाख ९८ हजार रुपैयाँ बिनियोजन भएकोमा ७ करोड ५७ लाख २२ हजार रुपैयाँ खर्च भएको छ ।
आन्तरिक आयतर्फ गत बर्षको मौज्दात सहित रु ५ करोड ८३ लाख ५४ हजार प्रक्षेपण गरिएकोमा ५ करोड ११ लाख १४ हजार खर्च भएको छ ।
यसरी चालु आ. व. को असार ७ गतेसम्म कुल जम्मा रु ७५ करोड १७ लाख रुपैयाँको अख्तियारी प्राप्त भएकोमा रु ४९ करोड ४२ लाख ९१ हजार अर्थात ६६ प्रतिशत वित्तिय प्रगति हासिल देखिएकोले आर्थिक बर्षको अन्त्यसम्म सबै बार्षिक कार्यक्रम सम्पन्न हुने अपेक्षा लिएको छु ।

**सभाध्यक्षज्यू,**

७. अव म आर्थिक बर्ष २०८१।०८२ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु,

क. भुकम्पबाट प्रभावित नागरिकहरुको दैनिक जनजीवन, नियमित र सहज तुल्याउने।

ख. भुकम्पबाट ध्वस्त भौतिक संरचनाहरुको पूनर्निर्माण थालनी गर्ने ।

ग. शिक्षा तथा स्वास्थ्य क्षेत्रको सेवालाई प्रभावकारी तुल्याउने ।

घ. कृषि क्षेत्रमा रोजगारी सिर्जना गरी उत्पादन बृद्दि गर्ने ।

**सभाध्यक्षज्यू,**

आर्थिक बर्ष २०८१।८२ मा यस नगरपालिकाले आन्तरिक आम्दानी र सरकारी अनुदान गरि जम्मा **रू ८८ करोड ५३ लाख १३ हजार ३ सय ८१** रूपैयाँ र विकास साझेदार गै.स.स. निकायहरुबाट रु १९ करोड १४ लाख गरि कुल जम्मा रु **१ अर्ब ७ करोड ६७ लाख १३ हजार ३ सय ८१** आम्दानी हुने अनुमान गरिएको छ । जसमध्ये संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान रू ११ करोड १५ लाख, सशर्त अनुदान चालुतर्फ रू २९ करोड ९३ लाख २ हजार, पूँजीगततर्फ रु ६ करोड ६० लाख ८५ हजार, राजश्व बाँडफाँड वापत रू १२ करोड १५ लाख, समपुरक अनुदान रू १ करोड ५० लाख गरी जम्मा रु ७६ करोड ३३ लाख ८७ हजार र कर्णाली प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान रू १ करोड २८ लाख २७ हजार, राजश्व बाँडफाँड वापत रू २० लाख ९ हजार ३ सय ८१, सशर्त अनुदान पुँजीगत ४ करोड ७८ लाख, चालुतर्फ २३ लाख ९० हजार, समपुरक अनुदान १ करोड ९४ लाख, बिशेष अनुदान ९५ लाख गरी जम्मा रु ९ करोड ३९ लाख २६ हजार ३ सय ८१ र नगरपालिकाको आन्तरिक श्रोतबाट रू २ करोड ८० लाख आम्दानी हुने अनुमान गरिएको छ ।

उक्त बजेटबाट माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न आगामि बर्षको लागि निम्न क्षेत्रगत कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गरेको छु।

**आर्थिक विकासक्षेत्रतर्फः**

**कृषिः**

८. गत विगत बर्षहरु देखि संचालन हुँदै आएका नगर किसान साझेदारी कार्यक्रम अन्तर्गत बीउ विजनमा अनुदान, कृषकहरुको क्षमता अभिवृदि, रैथाने बाली प्रवर्द्धन, कृषक प्रोत्साहन, फलफुल खेती, करेसावारी प्रर्वधन, कृषि औजार हस्तान्तरण तथा आकस्मिक रूपमा आई पर्ने किरा तथा रोगको प्रकोप नियन्त्रण जस्ता कार्यक्रमहरूलाई आगामी बर्ष पनि निरन्तरता दिईनेछ । जसका लागि रु ४३ लाख बजेट बिनियोजन गरेको छु ।

९. तरकारी बाली प्रवर्द्धनको लागि किसानहरुलाई प्रोत्साहन गर्न हाईब्रिड तथा उन्नत बीउको मुल्य अनुदान सहयोग उपलब्ध गराउन ३ लाख २५ हजार रुपैयाँ बिनियोजन गरेकोछु ।

१०. चालु आ व को नीतिमा उल्लेख गरिएको तर बजेट जुट्न नसकेको कारण कार्यान्वनय गर्न नसकिएको हाट बजार ब्यवस्थापन तथा सित भण्डार निर्माण कार्यलाई स्थानीय विकास साझेदार निकाय, प्रदेश सरकार तथा संघीय सरकारसंगको समन्वय तथा साझेदारीमा अगाडी बढाईने छ।

११. बार्षिक ५ लाख भन्दा बढी मुल्यको तरकारी, मह तथा धान गहुँ र मकै बालीको बीउ तथा अन्न उत्पादन गरी बिक्रि वितरण गर्ने किसानहरुलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराईने छ।

१२. हिउदे तथा बर्षे फलफुल खेती प्रवर्द्धनका लागि फलफुलको बिरुवामा मुल्य अनुदानका लागि समेत बजेट ब्यवस्था गरेको छु ।

१३. कृषि पेशालाई आधुनिक तथा प्रविधिमैत्री बनाउन कृषकसंगको साझेदारीमा मिनिटिलर, पंखा, कम्बाईन मिल तथा हिल्याउने चक्का जस्ता कृषि मेशिनरी औजार वितरण कार्यक्रमलाई आगामि बर्षमा पनि निरन्तरता दिईने छ । यसका लागि २ लाख ७५ हजार रुपैयाँ बजेट बिनियोजन गरेको छु ।

१४. परापूर्व कालदेखि खेती गरिदै आएको बाली संरक्षणका लागि रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई आगामी आ. व. मा पनि समेत निरन्तरता दिईने छ । तरकारी तथा खाद्यान्न बालीको उत्पादनमा संलग्न किसानहरुलाई अनुदान सहयोगका लागि रु ३ लाख बजेट बिनियोजन गरेको छु ।

१५. किसानहरुको समय सापेक्ष ज्ञान तथा क्षमता बिकासका लागि मागमा आधारित तालिमका संचालनका लागि समेत बजेट बिनियोजन गरेको छु ।

१६. बालीनालीमा क्षति पुर्याउने विभिन्न रोग किराहरुको नियन्त्रणका लागि किटनासक औषधि वितरणका लागि समेत बजेट ब्यवस्था गरिएको छ ।

**पशुपन्छी विकासः**

१७. पशुपन्छीहरुको नियमित उपचार सेवालाई निरन्तरता दिन लागि रु ९ लाख ९० हजार रुपैयाँ बिनियोजन गरेको छु । आकस्मिक रुपमा आईपर्ने महामारीजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि रु ३ लाख ५० हजा बजेट बिनियोजन गरेको छु ।

१८. रेबिज लगायत अन्य संक्रामक रोग नियन्त्रणका लागि खोप कार्यक्रम संचालन गर्न रु ३ लाख ७५ हजार रुपैयाँ बिनियोजन गरेको छु ।

१९. दुग्ध ब्यवसायमा संलग्न ब्यवसायीहरुलाई दुग्ध पदार्थको बिबिधिकरण प्रोसेसिङ प्याकेजिङ सम्बन्धी तालिम प्रदान गरिने छ ।

२०. पशुपालनका लागि आवश्यक आहारा विकास तथा पोषण सुधार गर्न हिउँदे तथा बर्षे (डाले तथा भुई) घाँस खेती कार्यक्रमलाई आगामि बर्षमा समेत निरन्तरता दिईनेछ ।

२१. पशुपालक किसानहरुलाई आकस्मिक रुपमा आईलाग्ने रोगका कारण पशुधनमा हुने क्षति न्यूनिकरण गरी राहत प्रदान गर्न पशु बिमा कर्यक्रमका लागि रु १ लाख ५० हजार रुपैयाँ बजेट बिनियोजन गरेको छु ।

२२. पशुपन्छि पालन ब्यवसायमा आवद्ध कृषकहरुलाई प्रोत्साहन गरी उत्पादन बृद्दि गर्न माथि उल्लेखित क्रियाकलापहरु संचालनका लागि जम्मा रु २४ लाख बिनियोजन गरेको छु ।

**सहकारीतर्फः**

२३. नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका सहकारीहरुको अवस्था पहिचान गरी समस्याग्रस्त सहकारीहरुको सुधार गर्न र उत्कृष्ट सहकारीहरुलाई पुरस्कृत गर्न अनुगमन तथा ब्यवस्थापनको लागि रु ५ लाख बजेट बिनियोजन गरेको छु ।

**लघुउद्यमतर्फः**

२४. लघु उद्यममा संलग्न रहेका उद्यमीहरुलाई प्रविधि हस्तान्तरणका लागि बजेट ब्यवस्था गरेको छु ।

**पर्यटन प्रवर्द्धन तर्फः**

**२५.** आन्तरिक पर्यटन प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने अभिप्रायले शुरु गरिएको मछाईना बडिमालिका गुरुयोजना कार्यान्वियन र भुकम्पबाट ध्वस्त भएको दरवार क्षेत्र तथा शिवालय क्षेत्रको पूर्निर्माण गर्न संघ, प्रदेश सरकार तथा अन्य साझेदार निकायसंग समन्वय तथा सहकार्य गरिने छ ।

**२६.** संघीय तथा प्रदेश सरकारसंगको समन्वयमा ऐतिहासिक क्षेत्र जगतिपुरको पुनर्निर्माण एवं धार्मिक तिर्थस्थलको रुपमा रहेको रिम्नाबाट जलयात्रा संचालन र मैदे होमस्टेका संचालनका लागि आगामि आव मा पनि पहल गरिनेछ ।

**२७.** पर्यटकिय गन्तव्यको रुपमा रहेका वडा नं. १ को चमेरे गुफा, वडा नं. २ को सांङ्टा गुफा मन्दिर र डोप्के सिद्ध पाईला मन्दिर निर्माण र प्रवर्द्धनका लागि साझेदार निकाय वा सरोकारवालाहरसँग समन्वय तथा सहकार्य गरिने छ ।

**सामाजिक विकास क्षेत्रतर्फः**

**युवा, शिक्षा तथा खेलकुद विकासतर्फः**

२८. युवा नीति तर्जुमाः विकासमा युवाहरुको अर्थपुर्ण सहभागीताको लागि युवा परिचालन तथा क्षमता विकास गर्न युवानीति २०८१ तर्जुमा गरिएको छ। सो नीति बमोजिम आवस्यक कार्यक्रम तथा कार्यविधि तर्जुमा गरि सहयोगी निकायको समन्वय र साझेदारीमा सहयोग जुटाई कार्यान्वय गरिनेछ।

२९. गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि आवश्यकता बमोजिम शिक्षक दरवन्दी नभएका तथा पर्याप्त दरवन्दी नभएका विध्यालयहरूमा स्वयं सेवक शिक्षक व्यवस्थापन गर्नका लागि यस विगत आ.व. देखि शुरू गरिएको **शिक्षक अनुदान** कार्यक्रमलाई आगामि आ व मा पनि निरन्तरता दिन बाल शिक्षक ४५ जना, आधारभुत तह (१-५) मा ९ जना

आधारभुत तह (६-८) मा १४ जना माध्यमिक तह (९-१०) ११ गरी जम्मा ३४ जनाका शिक्षकको लागि रु १ करोड १२ लाख ९७ हजार बजेट बिनियोजन गरेको छु।

३०. वालविकास केन्द्रका वाल शिक्षक तथा विद्यालय कर्मचारीहरूको थप प्रोत्साहन अनुदानका लागि करिव ८९ लाख ८८ हजार बजेट बिनियोजन गरेको छु ।

३१. नगर शिक्षा शाखामा उपलब्ध २ जनाले दैनिक सेवा संचालन गर्न समस्या भएकोले बिद्यालयहरुको नियमित अनुगमन तथा शिक्षण सिकाइ सहजीकरणका लागि एक जना स्रोत ब्यक्ति ब्यवस्थापनका लागि समेत बजेट ब्यवस्था गरेको छु ।

३२. लायन्स क्लब इन्टरनेश्नलको सहयोगमा भुकम्पबाट क्षतिग्रस्त १३ बिद्यालयका २६ कोठा निर्माण प्रारम्भ भईसकेको छ । उक्त कार्यका लागि रु ३ करोड ३३ लाख बरावर रकमको सहयोगका परिचालन हुनेछ।

३३. बिद्यालय शिक्षालाई ब्यवहारिक, जीवनोपयोगि र उपलब्धिमुलक बनाउन स्थानीय आवश्यकतामा आधारित १ देखि ८ कक्षाका लागि **भेरी नगरको पहिचान** शीर्षकको पाठ्यक्रम तर्जुमा भई कार्यान्वयनमा रहेको हुँदा पठनपाठनलाई सहज बनाउन पाठ्यपुस्तक निर्माण गर्नको लागि समेत आवश्यक बजेट ब्यवस्था गरेको छु ।

३४. खेलकुद क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि विगत आ व देखि शुरु भई निर्माणाधिन अवस्थामा रहेका सम्पन्न हुन बाँकी वडा नं. ५ डाप्कामा इन्डोर कभर्ड हल र वडा नं. १३ को कुदुको रंगशाला निर्माणका लागि प्रदेश सरकारको समपुरक अनुदानबाट १ करोड ४४ लाख बजेट ब्यवस्था गरिएको छ । उक्त रकममा नगरपालिकाको समपुरक अनुदानबाट थप बजेट बिनियोजन गरी निर्माण सम्पन्न गरिनेछ ।

३५. खेलकुद प्रवर्द्धनका लागि खेलकुद सामग्री वितरण लगायत राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता संचालनको लागि बजेट बिनियोजन गरिएको छ ।

३६. युवाहरुमा विस्तारै फैलिदै गएको लागु औषधको दुर्व्यसन रोकथाम तथा नियन्त्रणका लागि यस चालु बर्ष देखि शुरु गरिएको युवा जागरण तथा परिचालन कार्यक्रमलाई आगामि आर्थिक बर्षमा पनि निरन्तरता दिईनेछ । कार्यक्रम निरन्तरताका लागि कर्णाली प्रदेश सरकारसंगको समन्वयबाट प्राप्त हुने बिशेष अनुदान रकम रु ३५ लाख बजेट ब्यवस्थापन गरेको छु ।

३७. बिद्यालय ब्यवस्थापन तथा बाल संरक्षण कार्यक्रमका लागि सेभ द चिल्ड्रेन, पहाडी क्षेत्र विकास अभियानको रु ४८ लाख रुपैयाँ सहयोग परिचालन हुनेछ ।

३८. शैक्षिक सुधार तथा बालविकासका लागि वर्ल्डभिजन पाँचतारा युवा संरक्षक मन्चको सहजीकरणमा रु २ करोड ३२ बजेट सहयोग उपलब्ध हुनेछ । यसबाट शैक्षिक सुधार तथा वालवालिकाको हित प्रबर्ध्दनमा सहयोग पुग्ने अपेक्षा लिएको छु ।

३९. नेपाल राष्ट्रिय समाज कल्याण संघ सेभ द चिल्ड्रेनको साझेदारीमा गुणस्तरिय शिक्षाका लागि सरोकारवालाहरुको क्षमता विकासका लागि २६ लाख सहयोग उपलब्ध हुनेछ । यसबाट विद्यालय ब्यवस्थापन समिति, अभिभावक संघ,

सामुदायिक संस्थाहरु एवं शिक्षकहरुको क्षमता बृध्दि भई गुणस्तरिय शिक्षा प्राप्तीमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

**स्वास्थ्य सेवा तर्फ :**

४०. नगरवासी नागरिकहरुको स्वास्थ्य सम्बन्धी हकलाई प्रत्याभुत गर्न भौगोलिक रुपमा टाढा रहेका वडा नं. ६, ७, ८, ९ र १० का नागरिकहरुको सुविधाको लागि निर्माणाधिन अवस्थामा रहेको वडा नं ७ को स्याउली नगर अस्पताल निर्माणका लागि संघीय सरकारको समपुरक अनुदान रु १ करोड ५० लाख र नगरपालिकाको समपुरक रकम रु १ करोड ५० लाख थप गरी रु ३ करोड रकमबाट अस्पतालको भवन निर्माण सम्पन्न गरिने छ ।

४१. संक्रामक रोग रोकथाम, नियन्त्रण र स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्रबाट उपचार सेवा प्रदान गर्न औषधि तथा ल्याव सामग्रि खरिदका लागि रु २२ लाख बजेट बिनियोजन गरेको छु ।

४२. मातृ शिशु स्वास्थ्य सम्बन्धि सेवा उपलब्ध गराउन घरदैलोमा सेवारत रहेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु १२०० का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक बजेट ब्यवस्था गरेको छु ।

४३. गर्भवति महिलाहरुको नियमित जाँचको लागि शुरु गरिएको मेडिक मोवाईल कार्यक्रमलाई आगामि बर्षमा पनि निरन्तरता दिईने छ ।

४४. पाठेघर सम्बन्धी समस्या भएका महिलाहरुको स्वास्थ्य जाँचको लागि छनौट शिविर संचालन गरिनेछ। अप्रेसन गर्न आवश्यक महिलाहरुको निशुल्क उपचारको ब्यवस्थाका लागि रु ३ लाख बजेट ब्यवस्था गरेको छु ।

४५. बिद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि कान्तिपुर डेन्टल हस्पिटल काठमाण्डौंसंगको साझेदारीमा बिद्यालय ओरल हेल्थ शिविर संचालन गर्न रु २ लाख बजेट बिनियोजन गरेको छु । उक्त कार्यक्रमबाट बिद्यार्थी भाई बहिनीलाई मुख तथा दाँतको स्वास्थ्य तथा सरसफाई सम्बन्धमा जानकारी भई लाभ पुग्ने अपेक्षा लिएको छु ।

४६. गर्भवति महिला तथा बच्चाको स्वास्थ्य जाँचको लागि अल्ट्रासाउण्ड सुविधासहितको स्वास्थ्य टोली १३ वटै वडाहरुमा परिचालन गरिनेछ । यसबाट गर्भमा रहेको बच्चा तथा आमाको स्वास्थ्य अवस्थाको बारेमा समयमै जानकारी भै सजगता अपनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु ।

४७. यस चालु आ व मा नगर तथा जिल्लास्तरमा आँखा उपचार सेवा उपलब्ध गराउन नेपाल रेडक्रस सोसाईटी, सुर्खेत आँखा अस्पताल, नगरपालिका र अन्य स्थानीय तहको साझेदारीमा भवन निर्माण तथा संचालन गर्न संघीय तथा प्रदेश सरकार तथा दातृ निकाय एवं स्थानीय तहहरुसंग सहकार्य गर्ने नीति लिईएकोमा उक्त कार्यका लागि साझेदारी तथा सहयोग जुट्न नसकेकोले उल्लेखित निकायहरुसंग समन्वय तथा सहकार्य गरी भवन निर्माण शुरु गरिनेछ ।

४८. क्षयरोग निको भएका बिरामीहरुको घरपरिवारको आय आर्जनका लागि रोजगारमुलक तथा सिपमुलक तालिम संचालनका लागि रु ४ लाख ५० हजार रुपैयाँ बिनियोजन गरेको छु ।

४९. शारिरीक रुपमा असक्त तथा अपाङ्गता रहेका ब्यक्तिहरुको पहिचान गरी सहायता सामाग्रि तथा कृतिम अंग सहयोग गर्नको लागि रु १ लाख ५० हजार रुपैयाँ बिनियोजन गरेको छु ।

५०. बालबालिकाको मनोसामाजिक सुस्वास्थ्य मार्फत शिक्षाको गुणस्तरमा योगदान पुर्याउने उध्देश्यले मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसि) नेपालसंगको साझेदारीमा शुरु गरिएको विद्यालय मानसिक स्वास्थ्य कार्यक्रमलाई आगामि आ व पनि निरन्तरता दिईने छ ।यसका लागि रु ५७ लाख ८३ हजार र द्वन्द्व प्रभावितहरुका लागि सामुदायिक समावेशिकरणका लागि मनोसामाजिक सहयोग कार्यक्रम समेतका रु ३३ लाख गरी ९० लाख ८३ हजार रुपैयाँ सहयोग प्राप्त हुनेछ । उक्त कार्यक्रमका लागि पालिकाको साझेदारी स्वरुप रु १३ लाख रुपैयाँ बिनियोजन गरेको छु ।

**महिला बालबालिका तथा जेष्ठ नागरिकः**

५१. विभिन्न कारणले हिंसामा परेका, असहाय तथा विपन्न महिला तथा बालबालिकाहरूको राहत तथा आय आर्जन कार्यक्रम संचालन गर्न **महिलासंग उपमेयर कार्यक्रमका** लागि रू २१ लाख बिनियोजन गरेको छु । उक्त बजेटबाट घरेलु हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि कोष स्थापना, एकल तथा महिला द्वन्द पीडित, असहाय महिलाहरुको लागि सिपमुलक तथा आय'आर्जन सम्वन्धी क्रियाकलाप तथा जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

५२. लैङ्गिक हिंसा परेका महिला तथा जोखिममा परेका बालबालिकाहरुको तत्काल राहत तथा उद्दारका लागि लैङ्गिक हिंसा निवारण कोष र बालबालिकाहरुको लागि आपतकालिन बाल उद्दार कोषमा आगामि आ व का लागि बजेट रकम रु १ लाख ५० हजार बिनियोजन गरेको छु ।

५३. अति विपन्न महिलाहरूको लागि सीप तथा क्षमता विकास तालिम संचालनका गर्न रू. १ लाख बिनियोजन गरेको छु ।

५४. सन २०२६ को डिसेम्बरमा बालमैत्री नगर घोषणाका लागि शुरु भएको अभियानका लागि उपलब्ध श्रोतबाट बजेट बिनियोजन गर्न नसकिएता पनि कर्णाली प्रदेश सरकारको बिशेष अनुदान स्वरुप प्राप्त हुने रु ३० लाख र यस नगरपालिका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाको सहयोगमा **वालवालिकासंग मेयर कार्यक्रम**लाई निरन्तरता दिईनेछ । पालिकामा कार्यरत सेभ द चिल्ड्रेन कारीतास नेपाल लगायतका संघ संस्थाको सहकार्य तथा साझेदारीमा कार्यान्वयन गर्न **बालबालिकाको लगानी योजना** समेत तर्जुमा भईसकेको छ ।

५५. जोखिम परेका बालबालिकाहरु तत्काल राहत तथा अन्य बालबालिकाहरुसंग सम्बन्धित सूचना सम्प्रेषणका लागि २४ घण्टा खुला रहने गरी टोल-फ्रि सेवा संचालन गर्न रु १ लाख बजेट बिनियोजन गरेको छु ।

५६. स्थानीय प्रशासन प्रदेश तथा संघीय सरकारसंगको समन्वय र सहकार्यमा संरक्षण विहिन वालवालिकाहरूको उद्दार, संरक्षण, लैङ्गिक हिंसा, बालविवाह, बालश्रम विरुध्द तथा लागु पदार्थ दुर्व्यसन न्यूनिकरण तथा बाल क्लबहरूको सशक्तिकरण जस्ता कार्यक्रमहरू समेत संचालन गरिनेछ।

५७. जेष्ठ नागरिकहरुको दिवा सेवा केन्द्रका लागि बजेट बिनियोजन गरेको छु ।

५८. लैङ्गिक तथा सामाजिक समावेशिकरणका लागि नेपाल रेडक्रम सोसाईटीबाट रु ४३ लाख २० हजार र जिविकोपार्जन सहयोगका लागि १ करोड ५५ लाख ५५ हजार रुपैयाँ बरावरको सहयोग प्राप्त हुनेछ । जसबाट भुकम्प प्रभावित घरपरिवारहरुको आय आर्जन बृध्दि तथा दैनि जनजीवन सहज हुने अपेक्षा गरेको छ ।

५९. बाल गरिवी जिविकोपार्जन सुधारका लागि रु २२ लाख ४३ हजार रुपैया सेभ द चिल्ड्रेन पहाडी क्षेत्र विकास अभियानबाट सहयोग उपलब्ध हुने छ ।

६०. बालिका सशक्तिकरण कार्यक्रमका लागि सेभ द चिल्ड्रेन पहाडी क्षेत्र विकास अभियानबाट रु ४७ लाख सहयोग परिचालन गरिनेछ ।

६१. महिला प्रजनन् स्वास्थ्य कार्यक्रमका लागि रु १३ लाख सहयोग परिचालन हुनेछ । जसबाट प्रजनन स्वास्थ्य सम्बन्धी समस्या भएका महिलाहरुको स्वास्थ्य जाँच तथा उपचारमा सहयोग पुग्नेछ ।

**पोषण स्वास्थ्यतर्फः**

६२. न्यूनपोषण र अधिक पोषण दुबै प्रकारका कुपोषणसम्बन्धी समस्याबाट पीडित महिला तथा बालबालिकाहरू पोषण सुधारका लागि संचालनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रको लक्ष्य अनुसार संचालनमा रहेको पोषणमैत्री नगर घोषणा अभियानका लागि प्रदेस सरकारसंगको समन्वयबाट रु ३५ लाख बजेट ब्यवस्थापन गरिएको छ । यसबाट पोषणको दृष्टिकोणले धेरै महत्वपूर्ण रहने गर्भावस्थादेखि दुईवर्षको "सुनौला हजार दिन" को अवधिमा गर्भवती आमा र बच्चालाई खुवाइने खानेकुरा एवम् स्याहार-सुसारमा सुधार हुने अपेक्षा गरेकोछु ।

**पूर्वाधार विकास क्षेत्रः**

**सडक यातायात**

६३. नगरक्षेत्रभित्र महत्वपूर्ण रहेको नेटीबजार रुपाकोट मिथेंग्रा मेलटाकुरी सडक निर्माणका लागि कर्णाली प्रदेस सरकारको समपुरक अनुदान रु ५० र नगरपालिकाको समपुरक रकम रु ५० लाख गरी १ करोड रुपैयाँमा उक्त सडक निर्माण गरिने छ ।

६४. नगरका सबै वडा केन्द्रसम्म सडकको ट्र्याक खन्ने कार्य सम्पन्न भईसकेकोले बाह्रै महिना यातायात सेवा सुचारू गर्न सडकहरूको स्तरोन्नति गर्न कार्यमा प्राथमिकता दिईनेछ । यसका लागि रु ७३ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छु । अपुग हुने बजेट संघ तथा प्रदेश सरकारसंगको समन्वयबाट जुटाईने छ ।

६५. नगरपालिकाले निर्माण सम्पन्न गरेका सबै सडक कच्ची भएको र बर्षायाम पछी मर्मत सम्भार नगरी यातायात सुचारु हुन नसक्ने भएकोले सडक मर्मत सुधारका लागि रु २१ लाख बिनियोज गरेको छु ।

६६. खलंगा सदरमुकामस्थित वडा नं ३ थाप्लेचौर बसपार्कको स्तरोन्नति तथा व्यवस्थापनका लागि नगर विकास कोषबाट ऋण लगानीका लागि स्वीकृत भईसकेकोले कोषसंग आवश्यक समन्वय गरी निर्माण प्रक्रिया अगाडी बढाईने छ ।

**सिंचाईः**

६७. सिंचाई सुविधा नपुगेका वडा नं १ ८ र १० मा कुलो तथा ट्याङ्कि निर्माणका लागि रु ७ लाख बजेट बिनियोजन गरेको छु ।

६८. उत्पादनका दृष्टिकोणले महत्वपूर्ण रहेको वडा नं. १३ को कुदुफाँट र वडा नं. १० को भुरचौरमा केन्द्रिय सिंचाई योजनाको रुपमा निर्माण गर्न नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गरी प्रक्रिया थालनी गरिनेछ ।

६९. अति विपन्न नागरिकहरूका लागि आम्दानीको अवसर सिर्जना गर्न प्रधानमंत्री रोजगार कार्यक्रमका लागि प्राप्त हुने ६५ लाख २५ हजार बजेटबाट बेरोजगार श्रमिकहरुलाई १०० दिनको प्रत्यक्ष रोजगारी उपलब्ध हुनेछ ।

**नदी नियन्त्रणतर्फः**

**७०.** सहरी विकास तथा शासकीय सुधार कार्यक्रमबाट प्राप्त हुने बजेट उपयोग गरी नदी कटानबाट क्षति भएका कृषियोग्य जमिन तथा जोखिममा रहेका बस्तीहरूको संरक्षण गरिनेछ ।

**भवन तथा सहरी पूर्वाधारतर्फः**

**७१.** सहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने रू ३ करोड ७८ लाख बजेटबाट संभाव्यता अध्ययनका आधारमा योजना छनौट गरी कार्यान्वयन गरिने छ ।

**खानेपानी तथा सरसफाईः**

७२. बजार क्षेत्रमा रहेको खलंगा वडा नं ३ र ४ मा उत्पन्न ढल निकासको समस्या समाधानका लागि तर्जुमा गरिएको ढल निकासको विस्तृत परियोजना (DPR) कार्यान्वयनका लागि संघीय सरकार तथा प्रदेश सरकार लगायत अन्य साझेदार निकायसंग समन्वय गरी ढल निकासको दिर्घकालीन समाधान गरिनेछ ।

७३. धेरै समय अगाडि निर्माण भई हाल बिग्रेर अवरुध्द भएका वडा नं. ५, ७, ८, १२ र १३ का ८ वटा खानेपानी योजना मर्मतका लागि रु २४ लाख रकम बिनियोजन गरेकोछु ।

७४. भुकम्पबाट क्षतिग्रस्त भई खानेपानी समस्या भएका वडा नं १ र ३ मा खानेपानी योजना पूनर्निर्माण तथा मर्मतका लागि किर्डाक नेपालको सहयोग परिचालन गरिनेछ।

७५. Sustainable WASH for all (SUSWA) बाट आगामी आ व देखि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्य गर्ने गरी रु २ करोड ४२ लाख सहयोग गर्ने गरी सम्झौता सम्पन्न भईसकेको छ ।

७६. नेपाल रेडक्रस सोसाईटीबाट खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्य गर्ने गरी रु १ करोड ४१ लाख ६२ हजार बराबरको सहयोग सम्झौता सम्पन्न भएको छ । सबै सहयोगि संस्थाबाट प्राप्त हुने सहयोबाट भुकम्पबाट प्रभावित नागरिकहरुको खानेपानी तथा सरसफाई क्षेत्रका समस्या समाधानमा सहयोग पुग्ने अपेक्षा लिएको छु ।

७७. एकीकृत जलश्रोत ब्यवस्थापन कार्यक्रम हेल्भीटासबाट खानेपानी तथा सरसफाईका लागि रु १ करोड २ लाख बरावरको सहयोग परिचालन गरिनेछ । उक्त कार्यक्रमका लागि पालिकाको तर्फबाट रु १ करोड १३ लाख ५० हजार बजेट खर्च गरिनेछ ।

७८. लिफ्ट खानेपानी निर्माणका लागि Renewal world / पहाडी क्षेत्र विकास अभियानबाट रु १ करोड ७० लाख रुपैया सहयोग उपलब्ध हुनेछ । यसबाट खानेपानीको श्रोत मुल घटेर वा सुकेर समस्या सिर्जना भएका स्थानहरुमा खानेपानी सुविधा उपलब्ध हुनेछ ।

७९. US Aid/ Save the children र पाँचतारा युवा संरक्षक मन्च को साझेदारीमा वास राहत तथा पुनर्स्थापनाका लागि रु १ करोड ४ लाख रुपैयाँ बरावरको सहयोग उपलब्ध हुनेछ ।

८०. नगर क्षेत्रमा उत्पन्न हुने फोहर बिशेष गरी प्लाष्टिकजन्य फोहर प्रशोधन तथा व्यवस्थापनका लागि कर्णाली प्रदेश सरकार, निजी क्षेत्र तथा दातृ निकायहरूसंगको साझेदारीमा विस्तृत योजना तर्जुमा गरी फोहरको दिगो ब्यवस्थापन गर्न पहल गरिनेछ । यसको लागि रु ७ लाख रुपैयाँ बिनियोजन गरेको छु ।

८१. नगर क्षेत्रको आधारभूत सरसफाई तथा फोहरको दिगो व्यवस्थापनका लागी स्थानीय नागरिक, टोल विकास संस्था तथा उध्योग व्यापार संघसँगको समन्वय, सहकार्यमा बजार सरसफाई अभियान संचालन गरिने छ। सरसफाई अभियानमा नगरवासीहरूको सक्रिय सहभागिता जुटाउन सरसफाई शुल्क संकलन गरी परिचालन गर्ने कार्यलाई आगामि आ.व. मा समेत निरन्तरता दिईने छ ।

८२. नगरवासीहरूलाई स्वच्छ पिउने पानी उपलव्ध गराउने नीति अनुरूप खलंगा सदरमुकाम क्षेत्रमा रहेको खलंगा खानेपानी सहलगानी योजनाको पानी वितरण प्रणालीलाई ब्यवस्थित एवं प्रभावकारी तुल्याउन उक्त आयोजनाको मुहान क्षेत्र वरीपरीको पानी उपयोग गर्ने गरी जलश्रोत उपभोक्ता समिति दर्ता गर्ने परिपाटीलाई निरुत्साहित गरी सबै उपभोक्ताहरुलाई पानी बितरण प्रणालीमा क्रमशः आवध्द गरिनेछ ।

**वन वातावरण तथा विपद् ब्यवस्थापनतर्फः**

८३. भुकम्पका कारण बाढी पहिरोको जोखिममा परेका बस्तीहरुको अध्ययन पहिचान तथा तटबन्धन बृक्षारोपणका लागि आवस्यक वजेट बिनियोजन गरेको छु ।

८४. बजार क्षेत्रको सरसफाई तथा फोहर ब्यवस्थापनको लागि सामाग्रि खरिद तथा बितरण गर्न रु ४ लाख बिनियोजन गरेको छु ।

८५. विपद् जोखिम न्यूनिकरण तथा आवास क्षेत्र सहयोगका लागि नेपाल रेडक्रम सोसाईटीबाट ८७ लाख २५ हजार रुपैयाँ सहयोग उपलब्ध हुनेछ ।

८६. आकस्मिक रुपमा आईपर्ने विपद्को सामना गर्न राहत उद्दार तथा व्यवस्थापनका लागि नगर विपद् कोषमा रु १० लाख बिनियोजन गरेको छु ।

८७. आकस्मिक रूपमा आईपर्ने बाढी, पहिरो, सडक दुर्घटना, आगलागि जस्ता प्राकृतिक विपद् तथा विभिन्न रोगका महामारीको अवस्थामा पिडितहरूको तत्काल उपचार तथा विपदमा परेका पिडितहरूलाई तत्काल राहत वितरण तथा उद्धार गर्न उद्धार सामाग्री खरिद तथा भण्डारणका लागि रु ५ लाख बिनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकासतर्फः**

८८. नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा तथा सेवा लिनको लागि लाग्ने समय आवश्यक पर्ने कागजातहरु तथा जिम्मेवार पदाधिकारीको बारेमा नागरिहरुलाई जानकारी गराउन र कार्यालयबाट प्रकाशन तथा प्रसारण हुने सूचनाको बारेमा जानकारी प्रदान गर्न सबै वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयमा डिजिटल नागरिक बडापत्र राख्नका लागि रु ४ लाख बजेट बिनियोजन गरेको छु ।

८९. नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाको गुणस्तर सम्बन्धमा नागरिकहरुको प्रतिक्रिया संकलन गरी सुधार गर्न सेवाग्राही सन्तुष्टी सर्वेक्षण गराईने छ । सेवाग्राहीहरुबाट प्राप्त प्रतिक्रियाको आधारमा पालिका तथा वडाको सेवा प्रवाह प्रणालीलाई सुदृढ गरिनेछ । यसका लागि आवश्यक पर्ने बजेट बिनियोजन गरेको छु ।

९०. नगरपालिकाको कार्य सम्पादन प्रक्रियालाई पारदर्शि एवं जवाफदेही बनाई सुशासन कायम गर्न भए गरेका क्रियाकलापहरुको सम्बन्धमा स्थानीय संचार माध्यमबाट मासिक त्रैमासिक एवं बार्षिक रुपमा प्रकाशन तथा प्रसारण गर्ने र नियमित रुपमा सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखा परिक्षण कार्यलाई आगामी आ. व. मा पनि निरन्तरता दिईने छ ।

९१. नगरक्षेत्रभित्र रहेका सार्वजनिक बाटोहरुको कित्ता काट गरी सडक क्षेत्र कायम गर्ने कार्यका लागि समेत आवश्यक बजेट बिनियोजन गरिएको छ ।

९२. न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई ब्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सूचना प्रविधिको उपयोग गरी वडा कार्यालयबाटै न्यायिक समितिमा अनलाईन निवेदन दर्ता म्याद तामेलीको ब्यवस्था मिलाइनेछ । यसका लागि अन्य सहयोगी निकायको साझेदारीमा बजेट जुटाई कार्य गर्न रु १ लाख बिनियोजन गरेको छु ।

९३. स्थानीय न्यायिक समितिको क्षेत्राधिकार सम्बन्धमा आम नागरिकहरुलाई जानकारी गराउन वडास्तरमा कानूनी साक्षरता कार्यक्रम संचालन गरिने छ ।

९४. आर्थिक रुपमा अति विपन्न नागरिकहरुलाई निःशुल्क कानून सेवा प्रदान गर्ने कार्यक्रमलाई आगामि आ व मा पनि निरन्तरता दिईनेछ । यसको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

९५. नगरपालिकाको आन्तरिक आय बृध्दि गर्नको लागि राजश्व सुदृढिकरणका बिभिन्न क्रियाकलापहरु संचालन गर्न रु १३ लाख बजेट बिनियोजन गरेको छु ।

९६. नगरपालिकाको आन्तरिक आय बृद्धि गर्न करको दरभन्दा दायरा फराकिलो पार्ने नीति लिईएको छ । तोकीएको समयसिमाभित्र कर बुझाउने करदातालाई कर छुट दिने परिपाटीलाई आगामि आ. व. मा पनि निरन्तरता दिईनेछ ।

९७. कार्यालय भवन नभएका र भवन भएका वडा कार्यालयहरू पनि व्यवस्थित नभई सेवा प्रवाहमा समस्या भएका तथा भवन निर्माण शुरु भएता पनि सम्पन्न हुन नसकेका भवन निर्माण गर्न अति आवश्यक वडा नं. २, ३, ६, ९, १०, १३ मा कार्यालय भवन निर्माण गर्न रू २ करोड बिनियोजन गरेको छु ।

९८. अन्तमा, आ.व. २०८१।८२ को बजेट तर्जुमाका लागि मार्गदर्शन तथा स्रोत उपलब्ध गराउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति, सल्लाह सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, बिकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधि, कार्यपालिका परिवार, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

९९. प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सरोकारवाला सबैको सकारात्मक सहयोग सक्रियता र साथ रहनेछ भन्ने कुरामा म बिश्वस्त छु । कार्यक्रमको सफल कार्यान्वयनबाट अपेक्षित उपलब्धि हासिल हुन गई नगरवासीको जीवनयापनमा सहजता हुनेछ भन्ने अपेक्षा लिएको छु । भेरी नगरपालिकाको विकास र समृद्धिकोलागि विकासका साझेदार सवै पक्षसँग आवस्यक समन्वय, सहकार्य र साझेदारीकासाथ अगाडि बढ्ने प्रतिवद्धता गर्दछु ।

धन्यवाद ।